# कचनकवल गाउँपालिका
## Kachankawal Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## (Office Of The Rural Municipal Executive)
बनियानी, झापा

Baniyani, Jhapa

कोशी प्रदेश, नेपाल

(Koshi Province, Nepal)


पत्र संख्या(Ref. No): २०८१/०८२

चलानी नं. (Dispatch No):

**मिति :- २०८१/१०/१४ गते**

### च्याउ उत्पादन प्रवर्द्धन कार्यक्रम सम्बन्धी प्रस्ताव आव्हानको सूचना।

(दोश्रो पटक प्रकाशित मिति – २०८१/१०/१४)

प्रस्तुत विषयमा कचनकवल गाउँपालिकाको आ.व. २०८१/८२को कोशी प्रदेश शसर्त अनुदान कार्यक्रम अन्तर्गत तपशिलमा उल्लेखित कार्यक्रम संचालन हुने भएकाले कचनकवल गाउँपालिका भित्र रहेका इच्छुक च्याउ व्यवसायी कृषक/ कृषक समूह/ कृषि सहकारी/ कृषि फर्म तथा कृषक उद्दमीहरुले तपशिल अनुसारका कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन ( २०८१/१०/२८) भित्र कृषि विकास शाखा बनियानीमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको।

| कार्यक्रमको नाम | अनुदान रकम | सहभागी हुन सक्ने लाभग्राही |
|---|---|---|
| च्याउ उत्पादन प्रवर्द्धन कार्यक्रम | ७५% अनुदान | कृषक,कृषक समुह, कृषि सहकारी, कृषि फर्म, कृषि उद्दमी |

**आवश्यक कागजातहरु**

- माग निवेदन ।
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
- जग्गाधनिपुर्जाको प्रतिलिपि र आ.व. २०८१/८२को मालपोत तिरेको रसिदको प्रतिलिपि।
- संस्था दर्ता तथा नवीकरण गरेको प्रतिलिपि।
- कार्यक्रममा सहभागी हुन चाहने कृषक/कृषक समुहले विगत ३ आर्थिक वर्षमा यसै कार्यक्रमसंग सम्बन्धित कुनैपनि निकायबाट अनुदान नलिएको स्वघोषणा पत्र ।
- यो कार्यक्रम प्राप्त भएपश्चात न्युनतम ३ वर्ष सम्म व्यवसाय नछोड्ने प्रतिवद्धता पत्र ।
- कार्यक्रम सम्बन्धी व्यावसायिक कार्ययोजना ।
- सम्बन्धित वडाको सिफारिस पत्र ।

२०८१/१०/१४

.............................................

स्काई पोखेल

प्रमुख प्रशासकीय अधिकृत

**स्काई पोखेल**

**प्रमुख प्रशासकीय अधिकृत**

**बोधार्थ**

श्री अध्यक्षज्यूको सचिवालय- जानकारीको लागि।

श्री उपाध्यक्षज्यूको सचिवालय- जानकारीको लागि।

श्री वडा कार्यालय सबै- जानकारी तथा सूचना प्रवाह गर्नुहुन।

श्री सूचना प्रविधि शाखा- कार्यालयको फेसबुक पेज र वेभसाइटमा अपलोड गर्नुहुन।




Scanned with CamScanner